नेपालको पहिलो बैंक

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

# नेपाल बैंक लिमिटेड
# NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

प्रधान कार्यालय

सामान्य सेवा विभाग

## नेपाल बैंक लिमिटेडको प्रधान कार्यालय, खोपासी शाखा, ईलाम शाखा, जावलाखेल शाखामा सिभिल र इलेक्ट्रिकल कार्य गर्नको लागी बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकशित मिति २०७६/०८/०८)**

नेपाल बैंक लिमिटेडको प्रधान कार्यालय भवन नं ३ स्थित तेस्रो तलामा रहेको मानवश्रोत विभाग तथा कर्जा असूली विभागको लागि सिभिल तथा AC सहितको इलेक्ट्रिकल नेटवर्किङ्ग कार्य गर्न, काभ्रेपलान्चोक जिल्ला स्थित नयां शाखा संचालनको लागि लिईएको भाडाको भवनमा काउण्टर, आल्मुनियम पर्टिशन, आल्मुनियम ढोकाहरु, हेल्पडेस्क, फलामे केज आदि निर्माण साथै फल्स् सिलिङ्ग, रंगरोगन, लगायतका सिभिल तथा AC, CCTV सहितको इलेक्ट्रिकल नेटवर्किङ्ग कार्य गर्न, ईलाम जिल्ला स्थित ईलाम शाखाको आफ्नो स्वामित्वमा रहेको भवनको वाहिरी भागमा रंगरोगन गर्न, रिटेन्सन वाल लगाउने, बैंक अगाडी सडक बिस्तार गर्ने क्रममा भौतिक पूर्वाधार निर्माण गर्न सिभिल कार्य गर्नको लागि, ललितपुर जिल्ला स्थित जावलाखेल शाखामा रिनोभेशनको लागि सिभिल तथा AC, CCTV सहितको इलेक्ट्रिकल नेटवर्किङ्ग कार्य गर्न अनुभवी इच्छुक निर्माण व्यवसायीहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र बोलपत्र फाराम खरिद गरी ३१ औं दिनको ११:०० बजे भित्र पेश गर्न सिलबन्दी बोलपत्र आव्हान गरिएको छ । यस बैंकको काठमाडौं बैंकिङ्ग अफिसमा रहेको खाता नं ००२००१०६७११२८३००००००१ मा प्रधान कार्यालय, खोपासी शाखा, ईलाम शाखा, जावलाखेल शाखा वा खोपासी शाखाको लागि खोपासी शाखामा, ईलाम शाखा शाखाको लागि ईलाम शाखामा, जावलाखेल शाखाको लागि जावलाखेल शाखामा रु.३,०००/- (पछि फिर्ता नहुने) जम्मा गरी यस बैंकको प्रधान कार्यालय, सामान्य सेवा विभागबाट वा खोपासी शाखाको लागि खोपासी शाखाबाट, ईलाम शाखाको लागि ईलाम शाखाबाट, जावलाखेल शाखाको लागि जावलाखेल शाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । सो सम्वन्धि शर्त तथा कार्य विवरण बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । प्राप्त भएका सिलबन्दी बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । यस सम्वन्धि थप जानकारीको लागि कार्यालय समय भित्र नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, सामान्य सेवा विभागमा र खोपासी शाखाको लागि खोपासी शाखामा, ईलाम शाखा शाखाको लागि ईलाम शाखामा, जावलाखेल शाखाको लागि जावलाखेल शाखामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

**<u>तपसिल</u>**

१) बोलपत्रदाता निर्माण व्यवसायीहरुले उल्लेखित कार्यहरु के कति रकममा गर्न सकिने हो बैंकले तोकेको नक्सा डिजाईन अनुसारको कामको परीमाणको विवरण (BOQ) मा दर रेट खुलाई तल उल्लेखित धरौटी वापत यस बैंकको प्रधान कार्यालय र खोपासी शाखाको लागि काठमाडौ बैकिङ्ग अफिसको लागि खाता नं ००२००१०६७११२८००००००१मा र ईलाम शाखा शाखाको लागि ईलाम शाखामा, जावलाखेल शाखाको लागि जावलाखेल शाखामा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको बोलपत्र बुझाउने अन्तिम मितिले कम्तीमा १२० दिन म्याद भएको अन्य 'क'वर्गको अन्य बाणिज्य बैंकबाट जारी भएको विड बण्ड ग्यारेन्टी बोलपत्र साथ संलग्न गर्नु पर्नेछ । बोलपत्रको मान्य अवधि बोलपत्र बुझाउने अन्तीम मितिले ९० दिनको हुनेछ ।

२) बोलपत्रदाता निर्माण व्यवसायीले बोलपत्र साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यवसायदर्ताको इजाजत पत्र, मु.अ.क. दर्ता प्रमाणपत्र तथा स्थाई लेखा दर्ता नं (प्यान) प्रमाणपत्र, अधिल्लो आर्थिक बर्ष सम्मको आन्तिरक राजश्व कार्यालयबाट प्राप्त कर चुक्ता गरेको प्रमाणपत्र वा कर विवरण पेश गरेको कागजातहरुको प्रतिलिपी पेश गर्नुपर्नेछ साथै निर्माण सम्बन्धि कार्य गरेको अनुभव प्रमाण पत्र र कालोसूचिमा नपरेको स्वघोषणा पत्र पेश गर्नुपर्नेछ ।

३) बोलपत्र पेश गर्दा बैंकले उपलब्ध गराएको बोलपत्र फाराम नै (नियम एवं शर्त सुबिधाहरु र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ । बोलपत्र फारामको प्रत्येक पुछारमा बोलपत्रदाताले आधिकारिक दस्तखत गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनु पर्नेछ ।

४) उपरोक्त कार्यको निर्माण तथा ईलेक्ट्रिकल कार्यको सामाग्रीहरु गुणस्तरीय हुनु पर्नेछ र बैंकको प्राविधिकको स्विकृतीमा मात्र प्रयोग गर्नु पर्ने छ ।

५) यस सम्वन्धमा अन्य विस्तृत विवरण बोलपत्र फारममा उल्लेख भए वमोजिम हुनेछ ।

बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति :- २०७६/०९/०७ गते सोमबार कार्यालय समय भित्र ।

बोलपत्र दाखिला गर्ने अन्तिम मिति :- २०७६/०९/०८ गते मंगलवार बिहान ११:०० बजे भित्र ।

बोलपत्र दाखिला गर्ने स्थान :- यस बैंकको प्रधान कार्यालयको लागि प्र.का.सामान्य सेवा विभागमा र खोपासी शाखाको लागि प्र.का.सामान्य सेवा विभागमा, ईलाम शाखा शाखाको लागि ईलाम शाखामा, जावलाखेल शाखाको लागि जावलाखेल शाखामा बोलपत्र दाखिला गर्नु पर्नेछ ।

६) थप विवरण :-

| कार्यालय/ शाखा | सम्झौता भएको मिति बाट कार्य पुरा गरी बैंकलाई हस्तान्तरण गर्नु पर्ने समय | बोलपत्र धरौटी वापत रकम | बोलपत्र फाराम प्राप्त गर्ने स्थान | बोलपत्र खोल्ने मिति, स्थान र समय | बैंकको अनुमानित लागत सिभिल र इलेक्ट्रिकल तथा नेटवर्किङ्ग दुबै गरी भ्याट समेत कुल जम्मा रकम |
|---|---|---|---|---|---|
| **प्रधान कार्यालय** | ४२ दिन | रु.६९,०००/- (अक्षरेपी उन्सत्तरी हजार मात्रा), | ने.बै.लि. प्रधान कार्यालय, सामान्य सेवा विभाग । | ने.बै.लि. प्रधान कार्यालय, सामान्य सेवा विभाग । २०७६/०९/०८गते | रु.२७,५२,८१५/२० (अक्षरेपी सत्ताईस लाख बाउन्न हजार आठ सय |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | मंगलवार दिउसो १२:३० बजे । | पन्ध्र र पैसा बिस मात्र। |
| **खोपासी** | ४५ दिन | रु.७४,०००/- (अक्षरेपी चौहत्तर हजार मात्र।), | ने.बै.लि. प्रधान कार्यालय, सामान्य सेवा विभाग र खोपासी शाखा । | ने.बै.लि. प्रधान कार्यालय, सामान्य सेवा विभाग २०७६/०९/०८ गते मंगलवार दिउसो १:०० बजे । | रु.२९,४३,३४७/५६ (अक्षरेपी उन्तीस लाख त्रिचालिस हजार तीन सय सड्चालिस र पैसा छपन्न मात्र ।) |
| **ईलाम** | ७५ दिन | रु.१,३२,०००/- (अक्षरेपी एक लाख बत्तिस हजार मात्र।) | ने.बै.लि. प्रधान कार्यालय, सामान्य सेवा विभाग र ईलाम शाखा । | ने.बै.लि. ईलाम शाखा । २०७६/०९/०८ गते मंगलवार दिउसो १२:३० बजे । | रु.५२,४४,८९०/- (अक्षरेपी बाउन्न लाख चौवालिस हजार आठ सय नब्बे मात्र ।) |
| **जावलाखेल** | ६० दिन | रु.१,१५,०००/- (अक्षरेपी एक लाख पन्ध्र हजार मात्र।) | ने.बै.लि. प्रधान कार्यालय, सामान्य सेवा विभाग र जावलाखेल शाखा । | ने.बै.लि. जावलाखेल शाखा । २०७६/०९/०८ गते मंगलवार दिउसो १२:३० बजे । | रु.४५,६७,९३६/१६ (अक्षरेपी पैतालिस लाख उतसठ्ठी हजार नौ सय छत्तीस र पैसा सोह्र मात्र ।) |

**नोट : बोलपत्र खोल्ने दिन विदा पर्न गएमा सो दिनको भोली पल्ट बोलपत्र खोलिनेछ । यो सुचना यस बैंकको Website:- www.nepalbank.com.np मा समेत हेर्न सकिने छ ।**